प्रदेशभित्र सञ्चालन हुने सार्वजनिक यात्रुवाहक सवारी साधनको भाडादर इन्धनको मूल्यको आधारमा समायोजन गरिएको बारे आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशको

# अत्यन्त जरुरी सूचना

(प्रकाशित मिति : २०८३।०३।२३)

सार्वजनिक यातायातको भाडा समायोजन गर्दा आधार मानिएको इन्धनको बजार मूल्य ५ प्रतिशत वा सोभन्दा बढीले बढेमा वा घटेमा वैज्ञानिक भाडा समायोजन प्रणालीबमोजिम भाडादर समायोजन गर्ने व्यवस्था रहेकोमा, डिजेलको औषत बजार मुल्य घटेर प्रति लिटर रु. १९२.५०।- कायम भएको कारण मिति २०८३।०१।१६ मा ५ प्रतिशतले वृद्धि गरिएको भाडादरलाई आधार मानी यातायात व्यवस्था विभागले मिति २०८३।०३।१८ देखि लागू हुने गरी सार्वजनिक यात्रुवाहक सवारी साधनको भाडादर २ प्रतिशतले घटाएको हुँदा, उक्त समायोजनलाई आधार मानी आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेशको मिति २०८३।०३।२३ को निर्णयानुसार कोशी प्रदेशभर सञ्चालन हुने तपसिल बमोजिमका रुटहरूमा यात्रुवाहक बस, मिनीबस, माइक्रोबस प्रकृतिका सवारी साधनको भाडादर देहायबमोजिम कायम गरिएको सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | रुटको नाम | दुरी (कि.मि.) | मिति २०८३।०१।१६ मा कायम भाडादर (५.००% बढी) | मिति २०८३।०३।२३ मा कायम भाडादर (२.००% घटी) |
|---|---|---|---|---|
| १ | इलाम- सुनमाई | ६२ | ३६६ | ३५९ |
| २ | काकडभिट्टा- इटहरी | ९३ | ३४३ | ३३६ |
| ३ | काकडभिट्टा- धरान | १११ | ४११ | ४०३ |
| ४ | काकडभिट्टा- विराटनर | ११६ | ४२९ | ४२१ |
| ५ | काकडभिट्टा- विर्तामोड- भद्रपुर | ३५ | १३० | १२८ |
| ६ | धरान-रामपुर-बेलटार | ५१ | २०३ | १९८ |
| ७ | धरान- इटहरा | ६९ | २५६ | २५१ |
| ८ | धरान- इटहरी-कानेपोखरी-रंगेली | ६२ | २२९ | २२५ |
| ९ | धरान- इटहरी- डाछीखोला-विहिवारे | ५२ | १९२ | १८९ |
| १० | धरान- इटहरी-पकली- बक्लौरी | २८ | १०४ | १०२ |
| ११ | धरान- इटहरी-बाँसबारी- डाँगीस्कूल | ३९ | १४४ | १४१ |
| १२ | धरान- इटहरी-लक्ष्मीमार्ग- होक्लाबारी | ५० | १८६ | १८२ |
| १३ | धरान- इनरुवा | ३८ | १४४ | १४१ |
| १४ | धरान-इन्जिनियरिङ कलेज- डाँगीस्कूल | २२ | ८२ | ८१ |
| १५ | धरान-केरौन- बयरवन | ५४ | २०० | १९६ |
| १६ | धरान- रामपुर- गाइघाट | ७२ | २८५ | २७९ |
| १७ | धरान- गौरीगञ्ज | ८८ | ३२८ | ३२१ |
| १८ | धरान- डाँगीहाट- बाहुनी | ४५ | १६७ | १६४ |
| १९ | धरान-दुहबी- देवानगञ्ज | ४८ | १७७ | १७४ |
| २० | धरान — धनकुटा | ५४ | ३१९ | ३१३ |
| २१ | धरान-रामपुर-कटारी | १२३ | ४८७ | ४७८ |
| २२ | धरान- बसन्तपुर | ९३ | ५४८ | ५३७ |
| २३ | धरान- भेडेटार- नाम्जेडाँडा | २३ | १३७ | १३४ |
| २४ | धरान- मधुमल्ला | ६२ | २२९ | २२५ |
| २५ | धरान-लेटाङ | ४९ | १८१ | १७७ |

उपसचिव

| | | | | |
|---|---|---|---|---|
| २६ | धरान- शनिश्चरे- पथरी | ५१ | १८९ | १८५ |
| २७ | फिदिम- ताप्लेजुङ | ८५ | ५०३ | ४९३ |
| २८ | विराटनगर- इटहरा | ७५ | २७५ | २६९ |
| २९ | विराटनगर- इटहरी- कानेपोखरी- रंगेली | ६६ | २४६ | २४१ |
| ३० | विराटनगर- इटहरी- डाँछीखोला- विहिवारे | ५६ | २०८ | २०३ |
| ३१ | विराटनगर- इटहरी-पकली- बक्लौरी | ३२ | ११९ | ११७ |
| ३२ | विराटनगर-इटहरी-बाँसवारी- डाँगीस्कूल | ४३ | १६० | १५६ |
| ३३ | विराटनगर- इटहरी-लक्ष्मीमार्ग- होक्लाबारी | ५४ | २०० | १९६ |
| ३४ | विराटनगर- इनरुवा | ४३ | १६० | १५६ |
| ३५ | विराटनगर- कानेपोखरी- लेटाङ- जाँते | ६१ | २२५ | २२१ |
| ३६ | विराटनगर- केरावारी | ४५ | १६७ | १६४ |
| ३७ | विराटनगर-केरौन- बयरवन | ६० | २२२ | २१७ |
| ३८ | विराटनगर-गोलढाप | ११४ | ४२२ | ४१३ |
| ३९ | विराटनगर- गौरीगञ्ज | ९४ | ३४७ | ३४० |
| ४० | विराटनगर- डाँगीहाट- बाहुनी | ५१ | १९० | १८६ |
| ४१ | विराटनगर-दुहवी-इनरुवा-मधुवन | ३९ | १४४ | १४१ |
| ४२ | विराटनगर-दुहवी-देवानगञ्ज | २८ | १०६ | १०४ |
| ४३ | विराटनगर-धरान | ४१ | १५२ | १४९ |
| ४४ | विराटनर-भद्रपुर | ११५ | ४३३ | ४२४ |
| ४५ | विराटनगर- मधुमल्ला | ६६ | २४६ | २४१ |
| ४६ | विराटनगर-लेटाङ | ५४ | २०० | १९६ |
| ४७ | विराटनगर- शनिश्चरे (पथरी) | ५७ | २१३ | २०८ |
| ४८ | विर्तामोड- घेरावारी | ३५ | १३२ | १२९ |
| ४९ | विर्तामोड- ताप्लेजुङ | २४० | १४१५ | १३८७ |
| ५० | विर्तामोड- भद्रपुर-केचना | ३९ | १४४ | १४१ |
| ५१ | विर्तामोड-सुरुङ्गा- झापाबजार | ३० | ११३ | ११० |
| ५२ | विर्तामोड-सुरुङ्गा-मदरगाछी | २१ | ८० | ७८ |
| ५३ | विर्तामोड-इलाम | ८४ | ४९५ | ४८५ |
| ५४ | भद्रपुर-धनकुटा | १६४ | ७२७ | ७१२ |
| ५५ | भद्रपुर-धरान | ११० | ४०९ | ४०१ |
| ५६ | भद्रपुर- विर्तामोड- गौरीगञ्ज | ६७ | २४९ | २४४ |
| ५७ | भद्रपुर-विर्तामोड-बाघमारी | ५५ | २०४ | २०० |
| ५८ | भद्रपुर-लक्ष्मीपूर-राजगढ | ४० | १४८ | १४५ |
| ५९ | भद्रपुर-विर्तामोड-बाहुनडाँगी | ५० | १८६ | १८२ |
| ६० | धरान-बसन्तपुर-तेह्रथुम | ११९ | ७०१ | ६८७ |
| ६१ | विराटनगर-बसन्तपुर-तेह्रथुम | १६० | ८५३ | ८३६ |
| ६२ | विराटनगर-धनकुटा | ९५ | ४७१ | ४६२ |
| ६३ | विराटनगर-बसन्तपुर | १३४ | ७०१ | ६८७ |

नोटः डिलक्स सुविधा लिएका जुनसुकै प्रकारका यात्रुवाहक सवारी साधन (ब्लुबुकमा यातायात व्यवस्था कार्यालयहरुबाट डिलक्सको सुविधा लिएको प्रमाण भएको) ले मात्र माथि तोकिएको भाडादरमा २० प्रतिशत थप रकम लिन सक्ने।

१. अन्य रुटहरुको सम्बन्धमाः

सार्वजनिक यातायात बस, मिनीबस, माइक्रोबस आदीको सम्बन्धमा देहायबमोजिम हुनेः

क. ०-३५ कि.मि. सम्मका स्थानीय सडकमा प्रति व्यक्ति प्रति कि.मि. रु ३.७१२०।- कायम गरिएको छ।

ख. तराईका मध्यम दुरी ३५-२५० कि.मि. सम्मको पक्की र ग्राभेल सडकमा प्रति व्यक्ति प्रति कि.मि. रु. ३.६११७।- कायम गरिएको छ।

ग. तराईको लामो दुरी २५० कि.मि. भन्दा माथिको पक्की र ग्राभेल सडकमा प्रति व्यक्ति प्रति कि.मि. रु ३.५३२७।- कायम गरिएको छ।

घ. चुरे क्षेत्रमा प्रति व्यक्ति प्रति कि.मि. रु. ३.८८९१।- कायम गरिएको छ।

ङ. पहाडी बाटोमा प्रति व्यक्ति प्रति कि.मि. रु. ५.७८३५।- कायम गरिएको छ।

२. मेची राजमार्गमा सञ्चालन हुने वर्ग "ज" जीप प्रकृतिको सवारी साधनको भाडादर देहायबमोजिम हुने:

| क.सं. | रुटको नाम | दुरी (कि.मि.) | साविक भाडा दर रु. | मिति २०८३।०३।२३ मा कायम भाडादर |
|---|---|---|---|---|
| १. | विर्तामोड- इलाम | ८४ | ६५४ | ६४१ |
| २. | इलाम-फिदिम | ६७ | ५२१ | ५११ |
| ३. | फिदिम- ताप्लेजुङ | ८८ | ६८५ | ६७१ |

३. कोशी राजमार्गमा सञ्चालन हुने वर्ग "ज" जीप प्रकृतिका सवारी साधनको भाडादर देहायबमोजिम हुने:

| क.सं. | रुटको नाम | दुरी (कि.मि.) | साविक भाडा दर रु. | मिति २०८३।०३।२३ मा कायम भाडादर |
|---|---|---|---|---|
| १. | धरान- धनकुटा | ५४ | ४२० | ४१२ |
| २. | धनकुटा- खाँदबारी | ८२ | ६३८ | ६२५ |
| ३. | धरान-लेगुवा- खाँदबारी | १३५ | १०५१ | १०३० |

४. "ज" वर्गका जीप प्रकृतिका सवारी साधन सञ्चालन हुने अन्य रुटको सम्बन्धमा देहायबमोजिम हुने:

क. तराई क्षेत्रको लागि प्रति व्यक्ति प्रति कि.मि. रु. ४.८९४०।- (पक्की तथा ग्राभेल सडकमा) कायम गरिएको छ।

ख. पहाडी क्षेत्रको लागि प्रति व्यक्ति प्रति कि.मि. रु. ७.६२६९।- (पक्की तथा ग्राभेल सडकमा) कायम गरिएको छ।

## भाडादर कार्यान्वयन सम्बन्धमा पालना गर्नुपर्ने प्रावधानहरु:

जनताको हीत एवम् सुविधाको लागि यातायात व्यवसायीहरुद्वारा कानूनमा व्यवस्था भए तपशिल वमोजिमका प्रावधानहरु तत्काल कार्यान्वयन गर्नु गराउनु हुनसमेत अनुरोध छ।

१. सार्वजनिक सवारी साधनसँग सम्वन्धित सवै सञ्चालक, व्यवसायी, चालक, परिचालक, सहयोगी एवम् यात्रुले सार्वजनिक यातायात आचार संहिता, २०६७ पूर्णरुपमा पालना गर्नुपर्ने छ।

२. डिलक्स/स्तरीय सेवा सञ्चालन गरी थप भाडा लिने वस/मिनिवस/ माइक्रोवस/जीपले अनिवार्य रुपमा यातायात व्यवस्था विभाग अन्तर्गत VFTC कार्यालयहरुवाट गुणस्तर निरीक्षण गराई सवारी दर्ता कितावमा प्रमाणित गराएपश्चात मात्र थप भाडा लिन पाउने व्यवस्था अनिवार्यरुपमा लागू गरिएको छ।

३. विद्यार्थी, अपाङ्ग, जनआन्दोलनका घाइते तथा जेष्ठ नागरिकहरुलाई तोकिएको दरले सहुलियत दिने व्यवस्था कायमै रहेको छ। भाडामा सहुलियत दिनुपर्ने उल्लिखित वर्गलाई सहुलियत दिँदा निश्चित रुट, कोटा, संख्या, दिन र समय नतोकी यस व्यवस्थाको पूर्ण रुपमा परिपालना गर्नुपर्नेछ।

४. साथै सहुलियत पाउने वर्गले आफ्नो सक्कल परिचयपत्र देखाई सहुलियत लिन एवम् विद्यार्थी परिचयपत्र जारी गर्ने विद्यालय, विश्वविद्यालय लगायत शैक्षिक निकायले आफ्नो रेकर्ड वमोजिममात्र सक्कल विद्यार्थी परिचयपत्र जारी गर्नहुन अनुरोध गरिएको छ।

५. यात्रा सुरु गर्दा नै यात्रुहरुलाई अनिवार्यरुपमा भाडा रकम र स्थान उल्लेख गरी यात्रु टिकट जारी गर्नुपर्ने व्यवस्थाको प्रभावकारी कार्यान्वयन यातायात व्यवसायीहरुले गर्नुपर्नेछ।

उपसचिव

६. हरेक यात्रुवाहक सार्वजनिक सवारी साधनले आफ्नो रुट अनुसारको भाडादर सबै यात्रुहरुले देख्ने गरी सवारी साधन र टिकट काउन्टरमा समेत टाँस्नु पर्नेछ। सम्बन्धित व्यवसायी समितिहरुले दुरी र भाडादर स्पष्टरुपले उल्लेख गरी मुख्य मुख्य स्थानहरुमा होर्डिङ वोर्ड राखी जाकारी गराई सहयोग पुर्याउन हुन अनुरोध छ।

७. लामो दुरीको रात्री वसमा घटीमा दुई जना चालकहरु अनिवार्य राख्ने व्यवस्था गर्नुपर्नेछ।

८. दुर्घटना न्यूनीकरणतर्फ विशेष ध्यान दिनु पर्नेछ।

९. यातायात सेवा सञ्चालन गर्दा स्वच्छ तथा प्रतिस्पर्धात्मकरुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउनु पर्नेछ।

१०. तोकिएको भन्दा वढी भाडा नलिने, लिएमा महासंघले समेत कारवाही गर्नुपर्ने।

११. सवारी साधनको कर समयमा तिर्ने।

१२. परिवर्तित भाडादरको आधिकारिक सूचना वोर्ड राखी सर्वसाधारणलाई जानकारी गराउने।

१३. भाडाको रकम र स्थान उल्लेख गरी अनिवार्यरुपमा यात्रु टिकट जारी गर्नहुन जानकारी गराइन्छ।

१४. तोकिएको भन्दा वढी भाडा लिने, यात्रु टिकट जारी नगर्ने, सार्वजनिक यातायात आचार संहिताको पालना नगर्ने, सहुलियत व्यवस्थाको पूर्ण पालना नगर्ने लगायतका प्रचलित व्यवस्थाको पालना नगरेको अनुगमन निरीक्षणका क्रममा फेला परेमा कानूनवमोजिम कडा कारवाही गरिनेछ।

१५. उल्लिखित भाडादर कार्यान्वयन गर्न तथा सोको प्रभावकारी अनुगमन गर्न सबै यातायात व्यवस्था/सेवा कार्यालयहरु, यातायात व्यवस्थापन समिति र ट्राफि प्रहरीलाई यसै सूचनाद्वारा अनुरोध छ।

१६. तोकिएको भाडादर यस मन्त्रालयको वेवसाइट www.moial.koshi.gov.np राखिनेछ।

१७. उल्लिखित व्यवस्थाहरुको वारेमा यात्रुहरु स्वयम् सचेत र सजग हुन अनुरोध गरिन्छ।

*पुनश्चः बाटोको संरचनाको विकास र रुटको कि.मि. थपघट भएअनुसार भाडादर र दुरी अध्यावधिक गर्ने उद्देश्यले यस मन्त्रालयले आवश्यकताअनुसार अध्ययन गरी भाडादर समायोजन गर्न प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७६ तथा प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०७७ मा भाडा निर्धारण परामर्श समिति र प्रदेश यातायात व्यवस्थापन समिति रहेको हुँदा र सो समितिहरुबाट यथाशिघ्र रुट र भाडादरको पुनरावलोकन गरी प्रतिवेदन पेश गर्ने भएकाले यस भाडा लिष्टमा कुनै परिवर्तन देखिएमा वा कुनै रुट कायम गर्नुपर्ने भएमा वा आफ्नो कुनै सुझाव भएमा संशोधनको लागि यस मन्त्रालयमा पठाई सहयोग गरिदिन हुन हार्दिक अनुरोध छ।*

कोशी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
विराटनगर, नेपाल

उपसचिव